# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बुढीगंगा नगरपालिका
## बाजुरा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बुढीगंगा नगरपालिका

## बाजुरा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बुढीगंगा नगरपालिका

बाजुरा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१
च.नं. ९५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बुढिगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बाजुरा ।

१. **कैफियत सहितको राय** — हामीले बुढिगंगा नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ८८ लाख ८९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १ लाख ५० हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २४ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४९ लाख ८७ हजार, नियमित गर्नुपर्ने रु. ७१ लाख ८७ हजार र पेश्की बाँकी रु. ४१ लाख २४ हजार समेत रू. २ करोड ८७ लाख ३९ हजार रहेको छ। बुढिगंगा नगरपालिकाको गतवर्ष सम्म रु. १९ करोड ७४ लाख ३६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २२ करोड ६१ लाख ७५ हजार रहेको छ। **बुढिगंगा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बुढिगंगा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बुढिगंगा नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

बुढिगंगा नगरपालिका,
बाजुरा जिल्ला।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७१ | ५३ | २८८८९ | ० | १ | १५० | ७१ | ५२ | २८७३९ | २४४१ | ७१८७ | १४९८७ | ० | ० | २२१७४ | ४१२४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाजुरा | १९७४३६ | ० | ० | १९७४३६ | ० | २८७३९ | २२६१७५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | १४.६ | औषधी खरिदमा बढी भुक्तानी भएको बेरुजुको दफा दोहोरो पर्न गएकाले एक हटाईएको | १५०१५७ |
| | जम्मा | | | १५०१५७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क)परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । वुढीगंगा नगरपालिकामा १० वडा रहेको छ भने क्षेत्रफल ५९.२ वर्ग किलोमिटर तथा २०,१८५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।०१ देखि २०८०।०६।०५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय र व्ययतर्फ रु.१ अर्ब ४० करोड ४५ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,२७,९५३।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | कार्यक्रम सञ्चालन नगेको कृषिशाखाबाट सञ्चालित कार्यक्रमको भुक्तानि असुल | ३०,००० |
| २ | सामाजिक सुरक्षा भत्ता पार्किङ्ग खातामा रहेको फिर्ता | ६१,५२३ |
| ३ | वडा कार्यालयको राजस्व दाखिला गर्न बाकी दाखिला गरियो । | ३६,४३० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण परीक्षण

२.१ **प्राप्ति तथा भुक्तानी हिसाब** - सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम बुढीगंगा नगरपालिका बाजुराले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७९।८०मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था संलग्न अनुसूची बमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले स्थानिय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रम रु ३,५०,००,००० सामाजिक सुरक्षा तथा संरक्षणको रु १०,६८,११,७०२।९८ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,६०,००,००० र गरीवसंग बिश्वेश्वरको रु. ४,६३,००० समेत गरी रु १६,८२,७४,७०२।९८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.४ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी १,८२,०१,११३।०२ यस वर्षको प्राप्ति रु २०,३२,९६,२८३।६२ यस वर्षको भुक्तानी रु २१,०४,१६,७५६।६४ र बैङ्क मौज्दात रु १,१०,८०,६३९.२६ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.५ **कर दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु २७,८३,५७७.९९ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,६८,१०६ |

**(विस्तृत विवरण बेरूजु दफा २.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.६ **धरौटीको हिसाब-** पेश भएको आय व्याय विवरण अनुसार धरौटी रु ९४,१३,०५८ जिम्मेवारी सारेकोमा यस वर्ष बैङ्क नगदी किताबको विविध खर्चबाट जम्मा रु ७६,५८,९६७।२६ भएको देखिएकोले धरौटी आम्दानी रु. १,७७,७२,०२५।२६ देखिन आउँछ। धरौटी खाताबाट यस वर्ष रु. ३१,९४,४२२ धरौटी फिर्ता गरेको देखिएकोले धरौटी मौज्दात रु. १,३८,७७,६३० हुन आउनेमा धरौटी हिसाब खातामा रु. ८०,५१,६२० देखिए धरौटीको बैक मौज्दात रु १,५६,६७,०६०।५९ देखिएकोले धरौटी हिसाव खाता, धरौटी मौज्दात र एकिकृत आय व्यायको धरौटी हिसाब समेत एकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

२.७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.

२,३८,९९,८३७।०९ पुँजीगत खातामा रु. ९,२५,४१,०७६।६२ आन्तरिक राजस्व खातामा रु २३८६६१४।८४ समेत रु. ११,८८,२७,५२९।३६ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

२.८ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ। पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.९ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २३,८६,६१४।, राजस्व बाँडफाँड र अनुदानबाट रु ४८,७८,७२,५४३ समेत रु ४९,०२,५९,१५७ आम्दानी भएकोमा चालु तर्फ रु ३६,१२,५१,७५१। र पूँजिगत तर्फ रु १६,०५,८७,७९५ समेत रु ५२,१८,३९,५४६ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा .४५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ९१,७९,९०० खर्च भएको छ जुन आन्तरिक आयको ३८४.६४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.६८ प्रतिशत चालु र ३२.७५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक सञ्चितकोष, धरौटी, बिबिध खर्च खाता र प्रकोप ब्यबस्थापन कोषको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३.२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।

- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको देखिएन।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको, देखिएन .

खरिद व्यवस्थापन तर्फ

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएको देखिएन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेको अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरी आबश्यक कार्वाही गरेको गरेको देखिएन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राखुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको छैन ।

विविध तर्फ

- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिईको छैन
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको को छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

३.३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन्। पालिकाभित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## ४ आन्तरीक आय

४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ५०,८०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. २३,८६,६१४.८४ अर्थात अनुमान भन्दा ४६।९८ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

४.२ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा

तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो।

४.३ **ब्याक-हो लोडर आम्दानी** - हेभि इकुइपमेन्ट सञ्चालन सम्बन्धि कार्यविधि २०७९ बमोजिम बुढीगंगा नगरपालिका र स्काइ निसान अधिकारी जे भि बिच दुई पटक सम्झौता गरि ६ महिनाको लागि भाडामा लगाइएको र प्रति महिना रु ३,००,००० का दरले असुल गर्न बाकी रु १८,००,००० देखिएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००,००० |

४.४ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले मालपोत र विभिन्न सिफारिस वापत प्राप्त राजस्व तोकिएको समय अवधि भित्र बैङ्कँ दाखिला गरेको छैन ।यसरी ढिलो बैङ्कँ दाखिला गर्नेलाई ऐनमा दश प्रतिशतका दरले जरिबाना दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था समेत छ । तर बैङ्कँ र कार्यालयबीचको दुरी समेतलाई विचार गरी कार्यालयले नगद दाखिला गर्ने म्याद तोकि दिनु पर्नेछ र सोही म्याद भित्र दाखिला गर्नुपर्ने व्यवस्था समेत रहेकोमा यस्तो कुनै व्यवस्था गरिएको देखिएन। यस प्रति पालिकाले विशेष ध्यान दिई समयमै राजस्व संकलनलाई व्यवस्थित बनाउनु पर्दछ । पालिकाभित्रका १० वडाहरुमध्ये निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु. १,८५,४४१ असुली भएकोमा रु. १,७०,०२७ मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४१४ |

**(विस्तृत विवरण बेरूजु दफा ४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४.५ **रसिद नियन्त्रण खाता तथा मेशिनरि लगबुक** - पालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदि रसिद नियन्त्रण खाता तोकिएको ढाँचामा अद्यावधिक गरी राख्नुपर्दछ । गत वर्षको मौज्दात, यो वर्षको आय, यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नुपर्नेमा सो खाता तयार गरेको पाइएन। आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय ठेलीहरु फिर्ता आएको छैन। जसले गर्दा पालिकाको आम्दानी र ठेलीको प्रयोगमा एकिन हुन सकिएन ।साथै पालिकाको ब्याकहो लोडरको मेशिनरि प्रयोग हिसाब (लगबुक) लेखापरीक्षणमा पेश नभएकोले के कति प्रयोग भयो एकिन गर्न सकिएन। यस सम्बन्धमा कार्यालयले एकिन गरी दाखिला गर्न वाकी देखिएको रकम दाखिला गरिनुपर्दछ।

४.६ **व्यवसाय कर** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,३७,९३५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर

यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## ५ बजेट तथा कार्यक्रम

५.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा यस बर्ष पालिकाको निर्वाचन २०७९ आषाढ २३ भएकोले समितिले २०७९।४।६ मा एक आर्थिक बर्षको बजेट प्रक्षेपण गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.२ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको निर्वाचन २०७९ आषाढ २३ भएकोले उपप्रमुखले मिति २०७९।४।१३ मा रु ७९ करोड २३ लाख २२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।४।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

५.३ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १६ करोड ०५ लाख ८७ हजार भएकोमा प्रथम त्रैमासिकमा ५४ लाख ९४ हजार, दोश्रो त्रैमासिकमा रु ३ करोड २४ लाख ७० हजार.तेस्रो त्रैमासिकमा रु २ करोड ५१ लाख २९ हजार, चौथो त्रैमासिकमा रु ९ करोड ७४ लाख ९२ हजार र असार महिनामा मात्रै रु ४ करोड ८५ लाख ८० भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ४ करोड ३९ लाख २ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ९.१५ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

५.४ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २१८ योजनामा वजेट विनियोजन गरेको छ। विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१६ योजनामात्र कार्यान्वयन भई २ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति संलग्न अनुसुचीअनुसार रहेको देखिन्छ । विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन र आन्तरसम्बन्धित क्षेत्र मा सबैभन्दा बढी ८९.५२ प्रतिशत र पूर्वाधार विकास मा सबै भन्दा घटीमा ३९.४ प्रतिशत रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ५.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५.६ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी यस वर्षको बजेटमा समेत गत वर्षको रु १,३८,००,००० भुक्तानी दिन बाँकी रकम वजेट कायम गरी चालु खर्चशिर्षकवाट रु.३४,२४,१५२ र रु ७२,८०,६७३ पुजिगत खर्चशिर्षकबाट गरी रु १,०७,०४,८२५ दायित्व भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गरीनुपर्दछ।

## ६ संगठन तथा कर्मचारी व्यवस्थापन

६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशाकीय अधिकृत सिडिई सहित २६ पदहरु रिक्त रहेका छन् । उक्त रिक्त पदमा पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम मा पठाएको देखिएन । दरबन्दी बमोजिम जनशक्तिको पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले अनुसुचिमा संलग्न पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु १३,९८,३३६।०० भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,९८,३३६ |

**(विस्तृत विवरण बेरूजु दफा ६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६.३ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १९ कर्मचारीको रु. १,२०,७९,२९० र पालिकाका २३ कर्मचारीको रु १,४९,७७,८८४.९० समेत रु. २,७०,५७,१७४।९० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६.४ **अवकास कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा

गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ।

## ७ सम्पत्ति उपयोग र संरक्षण

७.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो स्थानिय तहमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ वमोजिम सरकारी कार्यलयको नाममा रहेको घर जग्गाको लगत राख्नुपर्नेमा पालिकाको घर टहराको अभिलेख राखेको र मुल्य नखुलेका सम्पति तथा सामानको मुल्य खुलाइ अभिलेख राखेको पाईएन ।

- सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्विकृति लिएको देखिएन ।

**(विस्तृत विवरण बेरूजु दफा ७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७.२ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८०।५।२५ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

७.३ **जिन्सी अभिलेख-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले यस वर्ष वडा कार्यालयवाट खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो नगरी सामान खरिद गर्दा Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

७.४ **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । पालिकाले मेशिनरी सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार गरेको भएपनि प्रभावकारी कार्यान्वयन नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ७.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७.५ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण** - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन। पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ।

## ८ कानून निर्माण एवं कार्यान्वयन

८.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, ३ वटा नियमावली, ४५ कार्यविधि २ निर्देशिका ९ निति ५ मापदण्ड लगायत ६८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । सेवा प्रवाहको लागि आवश्यक पर्ने कानून र राजस्व सङ्कलन तथा खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न अति आवश्यक कानुन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व

सम्बन्धी ऐन बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई नगरपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ।

८.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको १ विवाद दर्ता भएकोमा १ वटै मात्र फस्यौंट भई बाँकी रहेको देखिएन ।

९ **विविध खर्च** - महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ। पालिकाको विविध खर्च शिर्षकमा रु. ३०,५०,०००।०० बजेट व्यवस्था गरेकोमा खाजा खानामा रु. १०,९७,३००।०० खर्च गरेको छ। उक्त खर्चमा होटलको बिल पेश हुने गरेको र बिलमा खाजा, खाना, नास्ता लगायत समाबेश हुने गरेको छ। खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र गरेको छ। खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन। प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ।

१० **धरौटी हिसाव** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२क) मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं।मिति | विवरण | रकम |
|---|---|---|
| १४।७९।०९।२९ | लम्पडा निर्माण तथा ढुवानी सेवा | २,३३,१०५।०० |
| ११७।७९।१२।०६ | शुसिल निर्माण सेवा | १,३८,०९३।०० |
| १२५।७९।१२।०९ | थापा ब्रर्दश कन्स्टक्सन कम्पनी | २,९०,००८।०० |
| १६९।७९।०७।१७ | बि आर एस कन्स्टक्सन | २,६३,४७९।०० |
| | प्रमाण पेश नगरेको | ९,२४,६८५ |

११ **पेश्की व्यवस्थापन**

११.१ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फस्र्यौट गर्नु पर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष दिएको संलग्न अनुसुचि अनुसार म्याद नाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ३८,९३,६९० |

**(विस्तृत विवरण बेरूजु दफा ११.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११.२ **म्याद नाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । वित्तिय विवरण अनुसार पालिकाको ११ निकाय तथा १ संस्थालाई रु ५,२१,८६,६६२ विगतको म्याद नाघेको पेश्की फस्र्यौट गर्न बाकी देखिएको छ। विगत वर्षनै पेश्की दिएको यस आर्थिक बर्ष सम्म फस्र्यौट हुन नसकेका पेश्कीको खरिद सम्झौता व्यवस्था बमोजिम फस्र्यौट गरिनु पर्दछ।

## १२ नगरपालिका पुजिगत

१२.१ **समानीकरण अनुदान रकमको उपयोग -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र प्रशासनिक एवं कार्यालय सञ्चालन शिर्षक वा विषयमा खर्च गर्न नपाईने व्यवस्था छ । आयोगको मार्गदर्शन विपरित पालिकाले संलग्न अनुसुचि बमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा रु ९,९९७,०४८.४७ खर्च गरी भुक्तानी दिएको देखियोले यस्तो खर्च क्रमश नियन्त्रण गरिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२.२ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका कार्यहरु कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १.१२ देखि ४८.२४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा

पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । ागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण संलग्न अनुसुचिमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा १२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२.३ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०७४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ। तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ। उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको पचास प्रतिशत अवधिभन्दा बढी म्याद थप भएका २ ठेक्का रहेका छन। एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन। सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण संलग्न अनुसुचिमा छ ।

**(विस्तृत विवरण बेरूजु दफा १२.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२.४ **कार्यसम्पादन तथा पेश्की जमानत -** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अबधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अबधि भन्दा कम्तिमा एक महिना बढी अबधिको हुनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि नियमावलीको नियम ११३ को नियम (४) मा पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फस्यौट अवधिभन्दा कम्तिमा एक महिना वढी अबधिको हुनुपर्ने ब्यबस्था छ। पालिकाले संलग्न अनुसुचि बमोजिम खरिद सम्झौताको म्याद थप गर्दा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व को अबधि पनि स्वत सर्ने देखिदा पनि कार्यसम्पादन जमानतको म्याद थप गरेको देखिएन र तोकिएको अबधिमा पेश्की नभएकोले पेश्की फस्यौटको जमानत अवधि पनि म्याद थप गरेको देखिएन।खरिद कानुन बमोजिम खरिद कार्यसम्पादन जमानत र पेश्कीको पनि म्याद थप नगर्दा पेश्की रकम रु १,७५,२५,००० र कार्यसम्पादन जमानत रकम रु ४९,२२,००० जोखिममा परेको छ।

**(विस्तृत विवरण बेरूजु दफा १२.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२.५ **भेरिएसन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा सम्झौता गर्दाको वखत पूर्वानुमान नगरीएको परिस्थिती कार्यान्वयनको क्रममा सृजना भएमा ऐनको दफा ५४ मा तोकिएका अधिकारीले भेरिएसन आदेश गर्न सक्ने व्यवस्था छ। प्रशासकिय भवनर्निर्माण कार्यगर्ने जागृत/ एम के/नेपाल जे भि को सम्झौतामा रहेको वि.ओ.क्यू आइटम नं. को फलाम डण्डीको कार्य परिमाण सम्झौतामा ९२४८३ के जि मात्र रहेकोमा पाचौ रनिङ विल सम्म १,०३,८३१।२० केजि कामको भेरीएसन स्विकृत गरी भुक्तानी गरेकोमा सो अवस्थामा ड्रइङ डिजाइन परिवर्तन गर्नुपरेनपरेको खुलाएको पाइएन। अन्तिम विल भुक्तानी दिदा सो समेत विश्लेषण गरी भुक्तानी दिनुपर्दछ।

१२.६ **कार्यतालिका अद्यावधिक** – निर्माण व्यवसायीहरुसँग भएका सम्झौताको दफा २६.३ मा कार्यतालिका अद्यावधिक गर्नुपर्ने र नगरेमा सम्झौतामा तोकिए बमोजिमको रकम रोक्का राख्नुपर्ने उल्लेख छ। पालिकाले १५ वेड अस्पतालको निर्माणकोलागी स्काई/निशान/अधिकारी जे भि मिति २०८०।५।२० मा सम्पन्न गर्ने गरी मिति ०७८।७।२३ मा सम्झौता भएकोमा यस बर्ष रु. २ करोड ६० लाख मोविलाईजेशन पेश्की रु. २ करोड ५० लाख लगेपनि कुनै पनि बिल भुक्तानी लिएको नदेखिएकोले कार्य प्रगति शुन्य भएको र सम्झौतामा तोकिए अनुसार कार्यतालिकामा कार्य नगर्दा सम्झौता ब्यबस्था बमोजिम कार्वाही गरेको देखिएन। साथै संसोधित कार्यतालिका अद्यावधिक नगरेका कारण भुक्तानी गर्नुपर्ने रकम रोक्का राखी अद्यावधिक कार्य तालिका पेश गर्न लगाउनुपर्दछ।

| ठे.नं. | कामको संक्षिप्त विवरण | निर्माण व्यवसायी | सम्झौता मिति |
|---|---|---|---|
| २।२०७७।७८ | १५ वेडको | स्काई/निशान/ | २०७८।७।२३ |
| | अस्पताल | अधिकारी जे भि | |

१२.७ **माटो कटिङ्ग र फिलिङ्गको बढी परिमाणको भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेखित भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ साथै स्टयाण्डर्ड स्पेसिफिकेशन्स् फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ को बुदा नं ९१७(५)मा सडकको एलाइन्टमेन्ट स्थित माटोको कटान परिमाणलाई लेभल मिलाउन पुर्दा सो परिमाणलाई माटोको कटानतर्फ र माटो पुरेको परिमाणतर्फ दोहोरो हुने गरी नाप गर्न नमिल्ने व्यवस्था गरेको छ। पालिकावाट नमुना बिद्यालय भौतिक पुर्वाधार वापत मानोदय नमुना मा बि को खेल मैदान निर्माणमा संलग्न अनुसुचि बमोजिम माटो फिलिङ वापत यथार्थ नापजाँच बेगर माटो कटिङको ६० प्रतिशत परिमाण भुक्तानी गरेको देखिएको छ। साथै माटोको कटिङ र फिलिङमा दोहोरो नापी गरी भुक्तानी दिन नमिल्ले देखिदा रु ६६,३०० भुक्तानी सम्वन्धमा एकिन गरी असुल गरिनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,३०० |

**(विस्तृत विवरण बेरूजु दफा १२.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२.८ **प्रशासकीय भवन निर्माणको लागत सहभागिता -** स्थानीय तहको पूर्वाधार विकास सञ्चालन कार्यविधि २०७९ को बुढा १३मा यस कार्यविधि बमोजिम प्रशासनिक भवनको प्रत्येक बीलको रकम भुक्तानी गर्दा तोकिएको लागत सहभागिता ५० प्रतिशत को अनुपातमा गर्नुपर्ने बाकी रहन गएको रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रशासकीय भवन निर्माणको पाचौ रनिङ बिल सम्मको रु ८७१८१८१९ भुक्तानी गर्दा लागत सहभागिता रकमको अनुपातमा भुक्तानी नगरी लागत हिसाब समेत नराखेको अवस्थामा अन्तर सरकारी अख्तियारी स्थानीय तह भवन निर्माको गो भौ नं २।२०८०।०३।२७ बाट रु २,५०,००,००० खर्च भएको रकम मध्ये रु ५३,४०,५८९।८२ पालिकाको खातामा ट्रन्सफर भएको देखिएकोले दुवै तर्फको स्रोत हिसाब गरि फर्ता गर्नुपर्ने रकम भए संघीय संचित कोषमा दाखिला गर्नु पर्दछ ।

१२.९ **खरिद सामाग्रिको प्रयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पत्ति को संरक्षण गर्ने कर्तव्य सम्पति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेखित भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले संलग्न अनुसुचि बमोजिम आर्थिक बर्षको अन्त तिर पाईप खरिद गरेकोमा प्रयोग भएको नापी किताब तथा कार्यसम्पदनका आधारमा भुक्तानी दिएको नदेखिएकोले सरकारी सम्पत्ति को संरक्षण गरी प्रयोग भएको नापी किताब पेश गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १२.९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२.१० **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर संलग्न अनुसुचिका फर्मलाई मू.अ.कर रु५७४१८७ समेत रु.४९९१०१५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७४,१८७ |

**(विस्तृत विवरण बेरूजु दफा १२.१० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२.११ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का तथा उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको

हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको ठेक्का तथा उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

१२.१२ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा कार्यालयबाट नापी किताब एवं बिलमा उल्लेख भएको वास्तविक कार्य परिमाण, बिल र संलग्न प्रमाणभन्दा देहाय बमोजिम बढी भुक्तानी भएको रू. १,८८,३२५ असुल गर्नुपर्दछ।

| गो भौ नं | निर्माण ब्यवसायी | कार्य | वील रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| २६०।२०८०।३।२४ | लम्पडा निर्माण सेवा | वडा नं ४ को भवन निर्माण | २२३९९६४ | २४२८२९० |
| | | | असुल गर्नुपर्ने | १,८८,३२५ |

१२.१३ **कार्य स्विकार अभिलेख** - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको यकिन गर्ने सक्ने अवस्था रहेन।अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

१२.१४ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१२.१५ **परामर्स तथा डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार संलग्न अनुसुची बमोजिमको कार्य परामर्शदाताबाट गराई सो को भुक्तानी खर्च रु४१७८०६७ गरी

प्रतिवेदन प्राप्त गरेको छ । यस्ता अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १२.१५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१३ **दोहोरो सुविधा -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन २०७६ को अनुसूची-१(ख) दाफा ३ को उपदफा (१) मा नगरपालिकाका प्रमुख उपप्रमुख वडाध्यक्ष र कार्यपालिका सदस्यको यातायात सुविधा बापत वडाध्यक्षले मासिक रु २५००।०० का दरले पाउने व्यवस्था छ । पालिकाले सैलग्न अनुसुचि बमोजिमका पदाधिकारीलाइ यातायात सुबिधा वापत रकम र यातायात सुविधा बापत मोटरसाइकल इन्धन समेत दिएको देखिएकाले दोहोरो भएको यातायत सुविधा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८०,००० |

**(विस्तृत विवरण बेरूजु दफा १३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४ **कार्यालय सञ्चालन खर्च**

१४.१ **सवारी साधन कर वाडँफाडँ -** राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा सवारी साधन वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक ट्राफिक ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा प्राप्त भएको यस बर्षको सवारी साधन कर वाडफाड रकम रु ५०,८९,०३१.२८ आयोगले जारी गरेको मार्गदर्शनमा वमोजिम वजेट बिनियोजन नगरी मसलन्द तथा कार्यालय सामाग्री, इन्धनअन्य प्रयोजन, अतिथि सत्कार तथा चियापान खर्च, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च जस्ता प्रशासनिक तथा कार्यलय सञ्चालनमा बिनियोजन गरि ३४,९०,६२४.०खर्च गरेको देखीएकोले यस्तो खर्च क्रमश नियन्त्रण गरिनुपर्दछ ।

१४.२ **सिधै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई रु ३८,८०,०००।०० समानिकरण,राजश्व वाँडफाड र आन्तरीक श्रोत गरी बजेट विनियोजन भएको मध्ये रु २२,७५,१९०।०० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१४.३ **ईन्धन खर्च -** सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १०

लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ।साथै पालिकाले पदाधिकारी तथा कार्यलय प्रयोजन ईन्धन खर्चमा समानिकरण,राजश्व बाँडफाँड र आन्तरीकश्रोत गरी यस वर्ष रु. १९ लाख ७९ हजार ७७५ खर्च लेखेको छ। पालिकाले प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा, बनाएको छैन ।यसका अतिरिक्त पालिकामा १ थान जेसिवि, १ थान ट्रिपर १ थान एम्वुलेन्स रहेको र उक्त साधनको लागि ईन्धन प्रयोग हुँदा समेत कार्यालयको सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन। मापदण्ड अनुसार हुने र भएको इन्धन खर्चबीच ठूलो रकम फरक परेको कारण यसतर्फ पालिकाको ध्यान जानुपर्दछ । पालिकाले मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्दछ ।ईन्धन खर्च शिर्षकमा संलग्न अनुसुची अनुसार खर्च गरेको छ।

**(विस्तृत विवरण बेरूजु दफा १४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४.४ **फरक शिर्षकबाट खर्च** - नेपाल सरकारले स्वीकृत गरेको बजेट खर्च शिर्षक वर्गीकरण र व्याख्या अनुसार बजेट खर्च गर्नु पर्दछ। पालिकाले उक्त बजेट खर्च वर्गीकरण व्याख्या विपरीत संलग्न अनुसुचि बमोजिम फरक खर्च शिर्षकबाट बजेट खर्च गरेको देखिएकोले नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३४,५०,८९० |

**(विस्तृत विवरण बेरूजु दफा १४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४.५ **परामर्श तथा अध्यायन अनुसन्धान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।साथै नियमावली, २०६४ को नियम ३(क) तथा ७(१)(ग) मा अधिकतम प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाउन सकिने व्यवस्था छ।पालिकाले देहायका अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा भएको ब्यबस्था बमोजिम स्बिकृत नम्सको आधारमा लागत अनुमान स्विकृत नगरी स्वीकृत बजेट बमोजिमकै हाराहारीमा परामर्शदाताबाट कार्य गराई संलग्न अनुसुचि बमोजिम भुक्तानी रु २२१४५१७ गरेको छ । खरिद ऐन नियमको व्यवस्थाअनुसार परामर्श तथा अध्यायन कार्यको प्याकेज बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद नगरी टुक्रा टुक्रा बनाई सोझै खरिद गरेको कानुन सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २२,१४,५१७ |

**(विस्तृत विवरण बेरूजु दफा १४.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४.६ बढी भुक्तानी —

........... ***(प्रारम्भिक प्रतिवेदन उपर औषधी खरिदमा बढी भुक्तानी भएको बेरुजु दफा दोहोरो पर्न गएकोले यस दफा हटाउने मिति २०८०।१२।२३ को निर्णयबाट रु.१५०११५७ सम्परीक्षण गरिएको ।)***

१४.७ **प्रमाण पेश गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को ३९ ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ पालिकाले देहायका कारोबारमा प्रमाण पेश नभई भुक्तानी गरेकाले प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं।मिति | कार्यक्रमको व्यहोरा | रकम |
|---|---|---|
| ४५।७९।०६।१२ | कार्यालयका अन्य सामाग्री खरिद गरको बिल पेश गरि भुक्तानी गरेको, खरिद आदेश दाखिला प्रतिवेदन सहित प्रमाण पेश गर्नुपर्ने | १,२०,००० |
| | प्रमाण पेश नगरेको | १,२०,००० |

१४.८ **मर्मत सम्भार -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो बर्कसप वा मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ। यस बर्ष नगरपालिकाले मर्मत खर्च भक्तानी सवारी साधन मर्मत रु. ४,१५,१८५ र मेशिनरी तथा औजार मर्मत संभार रु. १७,६८,४९१ समेत रु. २१,८३,६७६ खर्च लेखेकोमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गराएको देखिएन। नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १४.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४.९ **सवारी साधन भाडा -** सार्वजनिक खरिद नियमावली, २०६४ भै नियम १३ बमोजिम अन्य सेवामा लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने,२० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यावस्था छ । पालिकाले उल्लेखित नियमको पालना नगरी आन्तरीक श्रोत र समानिकरणमा विनियोजन भएको मध्ये सवारी भाडा खर्च ६८५४५० लेखेको देखिएकोले खरिद कानुन बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१४.१० **दैनिक भ्रमण भत्ता -** नेपाल सरकारले बिभिन्न सरकारी, गैर सरकारी र निजिक्षेत्रका बिभिन्न निकायमा कार्यरत कामदार तथा कर्मचारीलहरुले पाउने पारीश्रमिक एवं बित्तीय सुबिधा बैक खाता मार्फत अनिबार्य भुक्तानीको ब्यबस्था मिलाउनुपर्ने भनी मिति २०७५।३।३२ निर्णय गरी नेपाल राजपत्रमा सुचना प्रकाशन गरेको छ। पालिकाले यस बर्ष अनुगमन मुल्यङकन तथा दै भ भ वापत रु ४१९५४५८।०० दै भ भ बील बमोजिम चेक मार्फत भुक्तानी गरेकोले नेपाल सरकारको निर्णय बमोजिम कर्मचारीलहरुले पाउने पारीश्रमिक एवं बित्तीय सुबिधा बैक खातामार्फत अनिबार्य भुक्तानीको ब्यबस्था मिलाउनुपर्दछ।

१४.११ **बिल भर्पाइहरु पेश नगरि खर्च -** भ्रमण खर्च नियमावली २०६४ को नियम (१८) उपनियम (२)मा हवाई यातायातको सुविधा लिने पदाधिकारी वा कर्मचारीले हवाई टिकेट (बोडिङ पास) पेश गरेमा मात्र सो बापतको रकम भुक्तानी दिनु पर्ने व्यवस्था भएकोमासंलग्न अनुसुचिमा रहेका पदाधिकारी वा कर्मचारीले हवाई टिकेट पेश नगरी भुक्तानी लिएको पाइएकोमा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

१४.१२ **नियम बिपरित खर्च -** भ्रमण खर्च नियमावली २०६४ को नियम (७) उपनियम (२)मा भ्रमण वा काजमा खटिएको पदाधिकारी वा कर्मचारीले अनुसूचि ४ मा उल्लेख भएबमोजिमको जिल्लामा भ्रमण गर्दा उपनियम १ बमोजिम पाउने दैनिक भत्ताको थप दश प्रतिशत रकम पाउने व्यवस्था छ । संलग्न अनुसुचिमा रहेका पदाधिकारी वा कर्मचारीले अनुसूचि ४ बमोजिमका जिल्ला बाहेकका जिल्लामा भ्रमण गर्दा समेत थप दश प्रतिशतले बढी भुक्तानी लिएको पाइएकोमा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३०० |

**(विस्तृत विवरण बेरूजु दफा १४.१२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४.१३ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। बुढीगंगा नगरपालिकाको पशु सेवा शाखाबाट आन्तरिक तथा बाह्य प्रजीवि नियन्त्रणका लागि कृषक घरगोठ उपचार कार्यक्रम सञ्चालन गरिको छ। यस कार्यक्रममा रु.५,४९,९४५।०० को बिल भौचर पेश भएकोमा गो.भौ.नं १३६,१३७।७९।०८।१६ बाट रु. ५,६०,०००।०० भुक्तानी भएकोले वढी भुक्तानी रकम असुल हुन पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०५५ |

१४.१४ **घरबहाल कर असुल -** आर्थिक बर्ष २०७९।८० मा बुढीगंगा नगरपालिका वडा नं १ को कार्यालय घरधनी सागर बहादुर सिंहको घर भाडामा लिइ कार्यालय सञ्चालन भई रहेकोमा गो.भौ.नं १४०।७९।०८।१८ बाट सम्झौता अनुसार घरबाहल कर कट्टा नगरि भुक्तानी गरेकाले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९४० |

## १५ शर्सत शिक्षातर्फ

१५.१ **विद्यालयगत निकासा रजिष्टर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको शिर्षकगत विवरण खुल्ने गरी विद्यालयगत अभिलेख राख्नु पर्नेमा राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम भिडान गर्न सकिएन । पालिकाले विद्यालयलाई दिने निकासाको शिर्षकगत अभिलेख खाता राखि पारदर्शि गर्नु पर्दछ।

१५.२ **शिक्षक दरवन्दी र पदपूर्ति -** शिक्षा नियमावली २०५९ को अनुसुचि ३ को (ठ) अनुसार हिमाली जिल्लाको सामुदायिक विद्यालयहरुमा सामान्यतया ४० जना विद्यार्थी बराबर १ जना शिक्षकको व्यवस्था हुनु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | विद्यालयको किसिम | **विद्यालय संख्या** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|---|
| १ | माध्यामिक तह | ८ | ३८ | ३८ | ११ | १४९५ |
| २ | आधारभुत तह ६ देखि ८ | ५ | २९ | २९ | ११ | १८०९ |
| ३ | आधारभुत तह १ देखि ५ | १६ | १०५ | १०५ | २८ | २९१९ |
| | **जम्मा** | **२९** | **२२२** | **२२२** | **५०** | **६२२३** |
| ४ | प्रारम्भिक बाल कक्षा | ४२ | ४२ | ४२ | ४२ | ७०२ |
| | कूल जम्मा | ७१ | २६४ | २६४ | ९२ | ६९२५ |

**क) विद्यालय मर्ज-** पालिकाले शैक्षिक सत्र २०७९ मा एकमुष्ट अनुदान दिने शुन्य दरवन्दि रहेको ६२ जना विद्यार्थि भएको कक्षा ३ सम्म संचालित श्री मष्टेश्वरी आधारभुत विद्यालयलाई श्री सिंगडा माध्यामिक विद्यालयमा मर्ज गरेको छ ।

**ख) कक्षा समायोजन -** सान्नीकोट आधारभुत विद्यालयको कक्षा ४ र ५ र त्रिपुरा सुन्दरी आधारभुत विद्यालयको कक्षा ४ घटाएर त्रिशक्ती माध्यामिक विद्यालयमा समयोजन गरेको छ । साथै ब्रह्मदेवस्थली आधारभुत विद्यालयको कक्षा ४ र ५ घटाएर बजेडी आधारभुत विद्यालयमा समायोजन गरेको छ ।

**ग) प्रारम्भिक बाल कक्षा -** सिंगडा मा वि भिमेश्वर आ वि जनप्रभात आधारभुत विद्यालय लगायत ५ विद्यालयमा प्रारम्भिक बाल कक्षा समायोजन गरी एक विद्यालय एक बाल कक्षाको व्यवस्थापन गरेको छ ।

थुमा माध्यामिक विद्यालयबाट राजेन्द्र आधारभुत विद्यालयमा प्रार्थमिक शिक्षक १ जना दरवन्दी मिलान गरेको छ । पालिकाले आवश्यकता र औचित्यको आधारमा विद्यार्थि र शिक्षक अनुपातको आधारमा मर्ज गरी शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

१५.३ **विद्यालय शैक्षिक गुणस्तर -** कार्यक्रम कार्यान्वय पुस्तिका २०७९ को बुँदा न ९.१२ बमोजिम नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वय गर्न पालिकाले श्री भानोदय नमूना माध्यामिक बिद्यालयलाई रु ६८ लाख अनुदान उपलव्ध गराएको छ। उक्त कार्यान्वय पुस्तिका अनुसार अनुदान प्राप्त गर्ने बवद्यालयले संझौता अनुसार काम गरे नगरेको पालिकाले नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले नियमित अनुगमन गरि प्रगति तयार गरेको नदेखिएकोले कार्यन्वयन पुस्तिका अनुसार प्रगति तयार गर्नुपर्दछ ।

| गो भौ न र मिति | अनुदान रकम | अनुदान प्राप्त गर्ने विद्यालय | |
|---|---|---|---|
| ३८।०७९।९।१९ | २५००००० | श्री भानोदय नमूना बिद्यालय | |
| ७६।०७९।१२।६ | १८००००० | श्री भानोदय नमूना बिद्यालय | |
| १४६।०८०।२।१७ | २५००००० | श्री भानोदय नमूना बिद्यालय | |
| | | प्रमाण पेश नगरेको | ६८,००,००० |

१५.४ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १८५२ जना रहेका छन। पालिकाले बोलपत्रबाट टेण्डर गरी जस्मिन हाईजिन प्रोडक्ट्स प्रा लि को प्रति पाकेट रु २२.७९ का दरले ३३००० पाकेट थान स्यानिटरी प्याड रु.८४९८३९।०० (मु अ कर समेत) मा खरिद गरेको छ ।पालिकाले १६ विद्यालयका १८९४ छात्राहरुलाई गत वर्षको बाँकी ४९०० पाकेट समेत ३७९०० पकेट वितरण गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा तेश्रो त्रैमासिकमा खरिद गरि १६ विद्यालयलाई वितरण गरेको छ । विद्यालयबाट विद्यार्थिहरुलाई वितरण भएको भरपाई पेश हुनु पर्नेमा नभएको देखिन्छ। पेश भएका भरपाईहरुको सम्वन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। पालिकाले खरिद योजना तयार गरी आवश्यकताको पहिचान गरी शैक्षीक सत्रको शुरुमै आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

१५.५ **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.२३४४०६४२।०० अनुदान खर्च लेखेको छ ।उक्त अनुदान प्राप्त गर्ने संस्थाले तोकिएको कार्यविधिमा उल्लेखित शर्त बमोजिम अनुदानको सहि सदुपयोग भए नभएको र खर्च भए अनुसार नतिजा प्राप्त गरे नगरेको सम्वन्धमा पालिकाबाट अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्नु पर्नेमा गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।केहि उदाहरणहरु अनुसूचिमा संलग्न छः

**(विस्तृत विवरण बेरूजु दफा १५.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १६ शसर्त कृषि तथा पशुतर्फ

१६.१ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था

छ । साथै उक्त म्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नु पर्ने व्यवस्था बमोजिम देहायको पकेट विकास कार्यक्रम संचालन गरेको छ।

क) पालिकाले २०७८।७९ मा स्थापना भएको आलु बाली पकेट विकास कार्यक्रम सञ्चालन गर्दा ५० प्रतिशत साझेदारीमा ब्रह्मतोला आलु पकेट संचालक समितिसंग २०८०।२।१० सम्म कार्यक्रम संचलन गरी सक्ने गरी २०७९।१२ २८ मा संझौता गरी रु ६०००००।०० अनुदान दिएको छ ।उक्त समितिले १०० क्विन्टल आलुको विउ साँउद एग्रोभेट सेन्टरबाट खरिद गरी समूहका ४६ जना कृषकहरुलाई विभिन्न के जी को दरले वितरण गरेको बिल भरपाई पेश गरेको छ ।

ख) पालिकाले आ ब २०७९।८० मा नयाँ दलहन बाली पकेट विकास कार्यक्रम संचालन गर्न रु १२ लाख बजेट व्यवस्था भएकोमा जनजागरण दलहन पकेट संचालक समिति मार्फत संचालन गरी रु १०६३११३।०० उक्त समितिलाई अनुदान दिएको छ ।समितिले त्रिपती एग्रो सेन्टरबाट दलहन बालीहरु रहर १०० केजी मास ८०० केजी भटमास ७०० केजी सुपर ग्रेन ब्याग ३०० वटा छानो सहितको कम्पोष्ट खाडल निर्माण ५० वटा सिंचाइ पोखरी निर्माण १ वटा गरी समितिका कृषकहरु ३० देखि ८० जना सम्मलाई विभिन्न केजीको दरले दलहन बाली खेती गर्न वितरण गरेको बिल भरपाई पेश भएको छ ।

१६.२ **कार्यक्रमको प्रगति** - प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगत २०७८।७९ मा स्थापना भएको आलु बाली पकेट विकास कार्यक्रमको निरन्तरताको लागि रु ६ लाख बजेट व्यवस्था भएकोमा रु शत प्रतिशत खर्च भइ वित्तिय प्रगति १०० प्रतिशत हासिल भएको र आ व २०७९।८० को नयाँ दलहन बाली पकेट विकास कार्यक्रम संचालन गर्न रु १२ लाख बजेट व्यवस्था भएकोमा १० लाख ६३ हजार खर्च भइ ८८.५९ प्रतिशत वित्तिय प्रगति हासिल भएको देखिन्छ । कार्यक्रमको भौतिक तथा भारित प्रगति तयार गर्नुपर्नेमा गरेको देखिएन ।पालिकाबाट वितरण भएको अनुदानको उक्त समितिहरुबाट सदुपयोगको सम्वन्धमा समय समयमा अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ। कार्यक्रमबाट लाभान्वित कृषकहरुले कृषिबाली उत्पादनमा पुर्याएको योगदानको मापन गरी कार्यक्रमको प्रभावकारीताको मूल्याँकन गर्नु पर्दछ।

१६.३ **पशु विकास कार्यक्रम** – पालिकाले पशु विकास कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान मिसन कार्यक्रम, एक पालिका एक भेटनरी तथा चिलिङ्ग सेन्टर स्थापना लगायतका कार्यक्रम संचालन गर्न शसर्त अनुदानमा रु २४ लाख ७० हजार बजेट व्यवस्था भएकोमा ७ लाख ७६ हजार खर्च भइ २३.५३ प्रतिशत मात्र वित्तिय प्रगति भइ न्यून प्रगति भएको देखिन्छ । पालिकालाई चिलिङ्ग सेन्टर स्थापना कार्यक्रम गर्न रु २४ लाख ७० हजारको बजेट व्यवस्था भएकोमा विवध कार्यमा रु ३ लाख ३० हजार पेश्की खर्च भइ १३.३६ प्रतिशत प्रगति भएको छ । पशु विकास कार्यक्रममा न्यून प्रगति हुनाको कारण उल्लेख गरेको छैन कारण उल्लेख गर्नुपर्दछ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न आवश्यक औजार सामाग्रीहरु कन्टेनर ५० लिटर, मदर कन्टेनर ३० लिटर र रेफ्रिजेरेटर ३ लिटर औषधि लगायत खरिदमा रु ३५००००।०० खर्च लेखेको छ । पालिकाले कृत्रिम गर्भाधान कार्यक्रम संचालन- गरी पशुपालक कृषकहरुलाई सेवा दिएको जनाएको छ ।

१६.४ **लम्पी स्किन रोग** - देशभर फैलिएको लम्पी स्किन रोगको महामारिबाट यस क्षेत्रका किसानले पालेका गाई भैसी लगायत बस्तुभाउहरुमा समेत उक्त महामारी रोगको संक्रमण फैलिइ धेरै क्षति पुगेकोमा पालिकाले

किसानका मरेका बस्तुभाउको तथ्याँक संकलन, क्षतिको विवरण संकलन र राहात वितरण कार्य गर्नुपर्नेमा गरेको देखिएन । तथ्याँक तथा क्षतिको विवरण संकलन गर्नु पर्दछ ।

उक्त महामारि रोग फैलिइ किसानले पालेका बस्तुभाउ संक्रमणको कारण मृत्यु हुँदा समेत जनताको नजिक रहेको स्थानिय सरकारको साधनस्रोतबाट उपचारात्मक नियन्त्रणात्मक कार्यहरु प्रभावकारी संचालन हुन सकेको देखिएन ।उक्त महामारी घटनाहरुबाट स्थानिय तहले पाठ सिकि देशमा समय समयमा घट्न सक्ने महामारी रोगहरु, संक्रमणहरु र प्राकृतिक विपदहरुबाट हुन सक्ने धनजन बस्तुभाउको क्षतिलाई कम गर्न तत्काल आर्थिक साधनस्रोत सहित विज्ञ जनशक्ति परिचालन मार्फत नियन्त्राणात्मक र उपचारात्मक विधिबाट सामना गरी राहत वितरण गर्न सक्ने संस्थगत क्षमता तयार गर्नु पर्ने देखिन्छ ।

शसर्त चालु बजेट उप शिर्षकमा संघिय सरकारबाट आर्थिक वर्षको अन्तमा रु १ लाख बजेट लम्पी स्किन रोग नियन्त्रणको लागि व्यवस्था भएकोमा खर्च भएको छैन । पालिकाले खर्च नहुनुको कारण उल्लेख गर्नुपर्नेमा गरेको छैन । उक्त महामारी घटनाहरुबाट स्थानिय तहले पाठ सिकि देशमा समय समयमा घट्न सक्ने महामारी रोगहरु, संक्रमणहरु र प्राकृतिक विपदहरुबाट हुन सक्ने धनजन बस्तुभाउको क्षतिलाई कम गर्न तत्काल आर्थिक साधनस्रोत सहित विज्ञ जनशक्ति परिचालन मार्फत नियन्त्राणात्मक र उपचारात्मक विधिबाट सामना गरी राहत वितरण गर्न सक्ने संस्थगत क्षमता तयार गर्नु पर्ने देखिन्छ ।

१६.५ **नगरपालिका चालुतर्फ**

**बढी भुक्तानी** – पालिकाले पशुपंछिको लागि आवश्यक भेटनरी औषधि खरिद तथा ढुवानीको लागि मिति २०७९।८।१६ गते गरेको बोलपत्र आब्हानको ठेक्का (BM/SQ/G/05/2079.80) प्रकियामा प्रास्पी भेट सेवाले रु ११५५०५६।०० कवोल गरी मिति २०७९।९।३ मा कवोल दररेटमा १३ प्रतिशत घटी ( छुट ) रु १००४८९८ मा काम सम्पादन गर्दछु भनि बोलपत्र पेश गरे बमोजिम उक्त फर्मसंग सम्झौता गरेको छ । उक्त फर्मले मिति २०७९।१०।११ गते बिल न ३६२ देखि ३६४ सम्म रु ११५५०५६।०० को औषधि पालिकालाई उपलव्ध गराएको छ । पालिकाले गो भौ न ३०७।२०७९।११।२३ बाट प्रास्पी भेट सेवालाई बिल बमोजिम रु ११५५०५६।०० भुक्तानी दिदा १३ प्रतिशत छुट रु १५०१५७।०० कट्टि नगरी भुक्तानी दिएकोले सो फर्मलाई बढी भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी भएको रु १५०१५७।०० प्रास्पी भेट सेवाबाट असुल हुनु पर्दछ।

**अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख** - स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्यावधिक गरी राखे राख्नु पर्ने व्यवस्था भएकोमा पालिकाले अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख नराखि फर्म तथा व्यक्तीलाई अनुदान उपब्ध गराउने गरेकोले पटक पटक एकै फर्म तथा व्यक्तिले मात्र अनुदान पाएका छैनन भनि आश्वश्त हुन सकिएन । अतः अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख राखि पालिकाको वेभ पेजमा समेत सार्वजनिक गर्नुपर्दछ ।

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | | असुली रकम |
|---|---|---|---|
| १६.५.१ | प्रास्पी भेट सेवा | | १,५०,१५७ |
| | | असुल गर्नुपर्ने | १,५०,१५७ |

१६.६ **पेश्की** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ (१) बमोजिम सरकारी रकम पेश्की लिने सरकारी कर्मचारले नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्यौंटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गर्नुपर्ने व्यवस्था छ ।अधिकृत छैठौ प्रेमराज जोशिले आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने गरी चिलिङ्ग सेन्टर स्थापना सम्बन्धि कार्य गर्न रु ३३००००।०० पेश्की लिएकोमा सो सम्बन्धि कार्य हुन नसकि रु १ लाख बैंक दाखिला गरेको छ । निजको नाममा रु २ लाख ३० हजार पेश्की बाँकी रही फस्यौंट नभएकोले नियमावलीको उक्त व्यवस्था अनुसार ब्याज समेत लगाई असुल हुनु पर्दछ ।

| | |
|---|---|
| पेश्की | २,३०,००० |

१७ **शसर्त स्वास्थ्यतर्फ**

१७.१ **तलवी प्रतिवेदन** - निजामिति सेवा ऐन, २०४९ को दफा ७ ख तथा स्वास्थ्य सेवा ऐन तथा नियमावली बमोजिम कोष तथा लेखा नियन्त्रण कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्रै तलव भत्ता खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले शसर्त अनुदान चालु बजेट उप शिर्षक बाट स्वास्थ्य सेवा तर्फका १९ जना कर्मचारीको लागि रु १ करोड २० लाख ७९ हजार तलव भत्ता खर्च लेखेकोमा ऐन नयममा भएको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गराएको देखिएन। सो को कारण तलव भत्तामा भएको खर्च भिडान गर्न सकिएन। अतः तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रण कार्यालयबाट पारित गराएर खर्च लेख्नु पर्दछ।

१७.२ **औषधि खरिद** – पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी, औषधिजन्य सामान तथा उपकरणमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सरकार सशर्त अनुदान चालु खर्च बजेट उप शिर्षकबाट के एम फार्मेसी प्रा लि समेत २ सप्लायर्ससँग रु. २०५१६४१।०० को विभिन्न परिमाणको औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

१७.३ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ वटा स्वास्थ्य केन्द्रको बर्थिङ सेन्टरको लागि गत वर्षको मौज्दात १६ थान र यस वर्ष रु.२८२९५७।०० मा २८३ थान गरी जम्मा २९९ थान न्यानो झोला रहेको छ । यस वर्ष २१६ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । आगामी वर्षको लागि ८३ थान न्यानो झोला मौज्दात पालिकामा मौज्दात रहेको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर

भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| गत वर्षको बाँकी अल्या थान | यस वर्ष खरिद | खर्च तथा प्रसुती संख्या | बाँकी मौज्दात |
|---|---|---|---|
| १६ | २८३ | २१६ | ८३ |

१७.४ **स्वास्थ्य संस्थाको लेखापरीक्षण** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ र ३५ बमोजिम नेपाल सरकारको प्रत्येक कारोवारको लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाको को बाजुरा, ब्रह्मतोला, देवलसैन स्वास्थ्य चौकीहरुमा प्रयोगशाला (ल्याव) संचालनमा रहेको छ ।

उक्त प्रयोगशालामा सेवाग्राहिहरुले शुल्क तिरेर सेवा लिने हुदाँ स्वास्थ्य संस्थाहरुको आम्दानी र खर्च हुने गर्दछ । उक्त स्वास्थ्य संस्थाले गर्ने आम्दानी र खर्चको लेखापरीक्षण गरी पालिकाले प्रतिवेदन लिइ अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्नेमा पेश भएन। ति स्वास्थ्य संस्थाहरुको लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले प्रयोगशालाबाट भएको आम्दानी तथा खर्च कानुन सम्मत भए नभएको सुनिश्चित हुन सकिएन । पालिकाले उक्त संस्थाहरुको आम्दानी खर्चको लेखापरीक्षण गराई नियमन गर्नु पर्ने र सबै स्वास्थ्य संस्थाहरुको अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले स्वास्थ्य संस्थाहरुको समय समयमा अनुगमन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त तुल्याइ आम्दानी खर्चको लेखापरीक्षण मार्फत पारदर्शिता बनाउनु पर्दछ ।

१७.५ **सुत्केरी भत्ता** – स्वास्थ्य कार्यक्रम सम्वन्धि कार्यसंचालन निर्देशिका, २०७९ मा हिमाली जिल्लाका स्थानिय तहहरुपमा सुत्केरी भत्ता वितरणको लागि सम्बन्धित वडाबाट विपन्न हो भन्ने खुल्ने व्यहोराको सिफारिसका आधारमा सुत्केरी भएको सरकारी स्वास्थ्य संस्थाबाट सुत्केरी भत्ता स्वरुप प्रति व्यक्ति रु ५००० सुत्केरी भत्ता वितरण गर्न सक्ने व्यवस्था छ ।पालिकाले ४१ जना सुत्केरी आमाहरुलाई प्रति व्यक्ति रु ५००० का दरले रु २०५०००।०० सुत्केरी भत्ता खर्च लेखेको छ । उक्त खर्च लेख्दा सम्बन्धित वडा कार्यालयहरुले गरीव तथा अति विपन्न सुत्केरी आमाहरु भनि ठाडो सिफारिस गरेको आधारमा खर्च लेखेको देखिन्छ । वडा कार्यालयहरुले सिफारिस गर्दा विपन्न नागरिक हो भन्ने आधार खुलाएको छैन । निवेदकको ठाडो निवेदनको आधारमा विपन्न नागरिक भनि सिफारिस गरेको आधारमा उक्त खर्च लेखेको देखिन्छ ।निर्देशिकाले गरेको व्यवस्था बमोजिम विपन्नको आधार खुलाउनु पर्दछ ।

१७.६ **प्रेषण खर्च** - स्वास्थ्य कार्यक्रम सम्वन्धि कार्यसंचालन निर्देशिका २०७९ मा अस्पताल तथा बर्थिङ्ग सेन्टरहरुबाट गर्भवती तथा सुत्केरी महिलालाई आकस्मिक रुपमा प्रेषण गर्न सक्ने व्यवस्था छ । प्रेषण खर्चको दररेट निर्धारण गर्दा स्थानीय तहहरुले एम्बुलेन्स समितिको बैठक आयोजना गरी स्वास्थ्य संस्थाबाट रेफर भई जाने संभावित सबैभन्दा नजिकको अस्पतालहरु सम्म पुग्न लाग्ने खर्च अनुसारको दर निर्धारण गर्नुपर्ने वा पहिले नै समितिले दररेट तोकिएको भएमा सोहि दरलाई आधार मन्न सकिने व्यवस्था गरेको छ । पालिका अन्तर्गत विभिन्न स्वास्थ्य सेवा केन्द्रमा संचालित प्रसुतिगृहमा गर्भवति महिलाहरु जटिल प्रकारको प्रसुति हुने समस्या भएको भनि सुविधा सम्पन्न अस्पताल सेती प्रादेशिक अस्पताल धनगढीमा रेफर गर्दा प्रति व्यक्ति रु. १२००० का दरले र बयलपाटा अस्पताल साँफेबगर अछामसम्म जान प्रति व्यक्ति रु. ४९५० का दरले गरी २२

जनालाई गाडीभाडा स्वरुप रु. १२३०००।०० खर्च लेखेको छ । उक्त खर्च लेख्दा निर्देशिकाले उल्लेख गरेको एम्बुलेन्स समितिको बैठकबाट प्रेषण खर्च दररेट निर्धारण गर्नु पर्नेमा गरेको देखिएन । खर्च लेख्दा उक्त दररेटको आधार खुलाएको देखिएन । अतः निर्देशिका बमोजिम एम्बुलेन्स समितिको बैठकबाट प्रेषण खर्चको दररेट निर्धारण गरी आधार खुलाएर खर्च लेख्नु पर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १,२३,००० |

१७.७ **प्रगति -** पालिकाबाट प्रेषित विवरण अनुसार पालिका अन्तर्गत रहेका ११ वटा स्वास्थ्य केन्द्र तथा ३ वटामा ल्याव प्रयोगशाला संचालन र ६ वटा प्रसुति केन्द्रबाट यस वर्ष करिव २५४३१ जना विरामिलाई सेवा प्रवाह भएको छ । स्वास्थ्य शाखाबाट संचालित मुख्य मुख्य सेवा देहाय अनुसार छन्

| क्र श | विवरण | प्रगति संख्या |
|---|---|---|
| १ | क्षयरोगिको नियमित औषधि सेवन गर्नेको संख्या | २५ जना |
| २ | स्वास्थ्य संस्थामा प्रसुति हुनेको संख्या | २४८ जना |
| ३ | सुरक्षित गर्भपतन सेवा | ३४४ जना |
| ४ | नियमित खोपको कभरेज | ७० प्रतिशत |
| ५ | नियमित पोषण अनुगमन गरिएका बालबालिका | २२९२ जना |
| ६ | परिवार नियोजन सेवा | ५६९९ जना |
| ७ | आँखा शिविरमा मोतिबिन्दु अप्रेशन | ११५ जना |
| ८ | विशेष स्वास्थ्य उपचार शिविर | ४८५० जना |
| ९ | लागु औषधि सम्वन्धि विद्यालय कार्यक्रममा सहभागी | ३५४४ जना |
| १० | एच आईभि संक्रमितको संख्या | ३५ जना |
| ११ | प्रयोगशाला परीक्षण | ५९५३ जना |
| १२ | कोभिड १९ क्यु आर कोड डिजिटलाईजेशन प्रमाणिकरण | २२६ जना |
| १३ | ग्रामिण अल्ट्रासाउण्ड १० वटै वडामा | १०४७ जना |

विरामिले शारिरिक र मानसिक समस्या पर्दा घरमै रोग पालेर बस्ने तथा धामि झाँक्रिका गइ उपचार गराउने अन्ध विश्वासलाई चिर्दै स्वास्थ्य संस्थाले दिने सेवा प्रति नागरिकको विश्वसनियता वृद्धि गरी सरकारद्धारा प्रदान गरेका निशुल्क स्वास्थ्य सेवाको सर्व सुलभ तथा गुणस्तर अभिवृद्धिमा पालिकाले ध्यान दिनु पर्दछ ।

## १८ लघु उद्यम र सुरक्षित नागरीक आवास कार्यक्रम

१८.१ **लघु उद्यम विकास कार्यक्रम** – गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न शसर्त अनुदान रु १७ लाख बजेट व्यवस्था भएकोमा रु १७ लाख खर्च भइ शत प्रतिशत वित्तिय प्रगति भएको छ। पालिकाले लघु उद्यम सम्वन्धि देहायका क्रियाकलापहरु संचालन गरेको प्रगति विवरणमा उल्लेख गरेको छ। कार्यक्रमबाट स्वरोजगारीको संख्या, लघु उद्यमीको संख्या, सिप इलम सिकेर जिविकोपार्जन गरी जिवनस्तरमा सुधार गर्ने जनसंख्या र पालिका भित्र उत्पादन र उत्पादकत्वमा भएको उपलव्धिको मापन गर्नुपर्नेमा गरेको देखिएन। कार्यक्रमको प्रभावकारीताको मूल्याँकन गरी प्राप्त उपलव्धिको मापन गर्नुपर्दछ। पालिकाले संचालन गरेको लघु उद्यम विकस सम्बन्धि मुख्य मुख्य क्रियाकलापहरु र प्रगति विवरणहरु यस प्रकार छन्:

| क्रश | क्रियाकलापहरु | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | नयाँ लघु उद्यमी सिर्जना तर्फ | ८० | ८० |
| २ | स्तरोन्नति सहयोग प्राप्त गर्ने जम्मा लघु उद्यमीको सङ्ख्या | ० | ५० |
| ३ | प्रविधि प्राप्त गर्ने लघु उद्यमीको सङ्ख्या | ८० | २० |
| ४ | वजारीकरण सम्बन्धी तालिम तथा अन्य सूचना प्राप्त उद्यमीहरूको सङ्ख्या (भईरहेको लघु उद्यमी) | ८० | ८७ |
| ५ | नयाँ स्थापना भएको सहकारी र ऋण प्राप्त गर्ने लघु उद्यमीहरु | ८० | ८७ |

१८.२ **प्रविधि हस्तान्तरण** - लघु उद्यम विकास कार्यक्रमको प्रविधि हस्तान्तरण अन्तर्गत रु १ लाख ४० हजारमा ७ हर्ष पावरको २ थान मिनि टिलर उत्तम एग्रोभेट सेन्टर एण्ड सप्लायर्स (६०२१६५७५८) बाट खरिद गरी २०८०।३।२० गतेको मितिले ५ वर्ष सम्म कसैलाई बिक्रि वितरण वा भाडामा नदिने शर्त बमोजिम वडा नं ७ निवासी प्रका विष्ट लगायत मष्टमाण्डौ लघु उद्यम संस्थाका ५ जना सहभागीहरुलाई हस्तान्तरण गरेको छ । उक्त संस्थाले शर्त बमोजिम कार्य गरे नगरेको सम्बन्धमा पालिका बाट नियमित अनुगमन गर्नुपर्दछ ।

१८.३ **सुरक्षित नागरिक आवास कार्यक्रम** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ बमोजिम नगरपालिकाले बाजुरा जिल्लाको निर्वाचन क्षेत्र नं १ अन्तर्गत बुढीगंगा नगरपालिकाको क्षेत्रभित्र कार्यक्रम संचालन गर्न कार्यक्रम संचालन कार्यविधि तर्जुमा गर्नुपर्नेमा गरेको देखिएन । नगरपालिकाले सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि तर्जुमा गरी सो को आधारमा अनुदान वितरण गर्नु पर्दछ ।

**बजेट व्यवस्था** - बाजुरा जिल्लाको निर्वाचन क्षेत्र नं १ अन्तर्गत बुढीगंगा नगरपालिकाको क्षेत्रभित्र ११९ वटा क्रमागत योजना संचालन गर्न शसर्त अनुदान पुँजिगत बजेट उप शिर्षकमा रु ३९ लाख बजेट व्यवस्था भएकोमा सबै रकम खर्च भइ वित्तीय प्रगति शत प्रतिशत भएको छ । पालिकाले भौतिक प्रगति तयार गर्नुपर्नेमा गरेको छैन । पालिकाले गरिबिको रेखामुनी रहेका पराल वा खरका छाना भएका घरपरिवार र प्रकोपका कारण घरवार बिहिन भएका लक्षित वर्गलाई प्रति व्यक्ति रु ३२७५८।६० को दरले ११९ जनालाई घर निर्माण, टिन वा जस्ता पाताले घरको छाना निर्माण गर्न प्रथम किस्ता स्वरुप रु ३८०००0१।०० बैंक खातामा अनुदान उपलव्ध गराएको छ । अनुदान प्रप्त गर्ने लक्षित वर्गले कार्यविधि २०७५ बमोजिम अनुदान

रकमको उद्देश्य बमोजिम कार्यमा उपयोग गरे नगरेको सम्वन्धमा पालिकाले अनुगमन गर्नु पर्ने र गरेका कामको प्राविधिक मुल्याँकन गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।

**लक्ष्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची - २ को ढाँचामा त्रैमासिक प्रगति केन्द्रीय निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने, सो अनुसार प्रगति प्राप्त भएपछि नियम २६ अनुसार केन्द्रीय निकायले एकीकृत प्रगति मूल्याङ्कन गरी प्रगति कम हुनुका कारण पहिचान गरी सुधारका लागी आवश्यक कदम चाल्नु पर्नेमा सो गरेको पालिकाले उक्त कार्यक्रमको वार्षिक लक्ष्य प्रगति तयार गरेको छैन । प्रगति विवरण तयार गर्नु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,००,००१ |

१९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वटा वडामा कार्यक्रमको ३३ वटा योजना सञ्चालन गरी यस वर्ष ३३९ जनालाई औसत १०० दिनले ३२७५४ दिन रोजगारी उपलव्ध गराई रु. १८८९९२८३।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२० **सामाजिक सुरक्षा**

२०.१ **लगत कट्टा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन।

२०.२ **विवरण पेश तथा समिक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन ।

२०.३ **पारदर्शिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत

सार्वजनिक गर्ने व्यवस्था छ। स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन।

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: बुढिगंगा नगरपालिका, बाजुरा , बुढीगंगा नगरपालिका , बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेन्द्र नाथ | २०७९-५-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुर्ण चन्द्र जैशी | २०७६-१०-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५९१,६४८ | ७,१८६,७४३ | १४,९८६,९७९ | ० | ० | ४,१२३,६९० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २८,८८९,०६० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १५०,१५७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २८,७३८,९०३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २१३००७२९१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०११९९९९९ | **चालु खर्च** | ३६१२५१७७२ |
| **प्रदेश सरकारबाट अनुदान** | १४०९४००० | **पूँजीगत खर्च** | १६०५८७७९५ |
| **राजश्व बाँडफाँट** | ७३०७८५४३ | **वित्तीय/अन्य व्यवस्था** | २१६२०७५४८ |
| **आन्तरिक आय** | २३८६६१५.० | | |

| | | | |
|---|---|---|---|
| **अन्य आय** | १७५७४९५५८ | | |
| **कुल आय** | ६६६५०८७१५ | **कुल खर्च** | ७३८०४७११५ |
| **बाँकी मौज्दात** | | १४१४६८८९१ | |

**बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७७,६५,४१,८०४.२५ | ४६,३२,१२,४३२.३७ | | ४६,३२,१२,४३२.३७ | ५०,००,९३,३३३.२४ | | ५०,००,९३,३३३.२४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७७,१०,११,९७१.२५ | ४६,३१,७८,६८२.३७ | ० | ४६,३१,७८,६८२.३७ | ५०,००,८२,७३३.२४ | ० | ५०,००,८२,७३३.२४ |
| ११००० कर | ११ | ९,३३,७७,००0.00 | ७,४३,४७,२२५.९५ | ० | ७,४३,४७,२२५.९५ | ६,१३,२७,४३४.७४ | ० | ६,१३,२७,४३४.७४ |
| १३००० अनुदान | | ४३,५२,०९,०००.०० | ३८,७७,१३,५२४.३३ | ० | ३८,७७,१३,५२४.३३ | ४३,७७,२४,०००.०० | ० | ४३,७७,२४,०००.०० |
| संघीय सरकार | १२ | ४२,११,१५,०००.०० | ३७,५९,००,६०७.३३ | ० | ३७,५९,००,६०७.३३ | ४०,८८,०७,०००.०० | ० | ४०,८८,०७,०००.०० |
| प्रदेश सरकार | १२ | १,४०,९४,०००.०० | १,१८,१२,९१७.०० | ० | १,१८,१२,९१७.०० | २,८९,१७,०००.०० | ० | २,८९,१७,०००.०० |
| १४००० अन्य राजस्व | | १६,६७,०००.०० | ११,१७,९३२.०९ | ० | ११,१७,९३२.०९ | १०,३१,२९८.५० | ० | १०,३१,२९८.५० |
| ३२००० वित्तीय सम्पत्ति | | २४,०७,५८,९७१.२५ | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ५५,२९,८३३.०० | ३३,७५०.०० | | ३३,७५०.०० | १०,६००.०० | | १०,६००.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ५५,२९,८३३.०० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ३३,७५०.०० | ० | ३३,७५०.०० | १०,६००.०० | ० | १०,६००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७७,६५,४१,८०४.२५ | ५२,७६,३०,३५८.५१ | | ५२,७६,३०,३५८.५१ | ३९,८२,८५,०३८.३२ | | ३९,८२,८५,०३८.३२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७७,१०,११,९७१.२५ | ५२,१८,३९,५४७.५० | | ५२,१८,३९,५४७.५० | ३९,७४,१३,८९२.३२ | | ३९,७४,१३,८९२.३२ |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | १९,७०,३३,०००.०० | १६,७०,१२,७८८.४० | ० | १६,७०,१२,७८८.४० | १६,४८,८२,५०४.७८ | ० | १६,४८,८२,५०४.७८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २२,९४,२०,४७६.२५ | १७,५५,६१,५९४.८९ | ० | १७,५५,६१,५९४.८९ | ११,०९,२४,८८३.३३ | ० | ११,०९,२४,८८३.३३ |
| २५००० सहायता (Subsidy) | १८ | १,२३,४६,०००.०० | ९९,५४,२७०.०० | ० | ९९,५४,२७०.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७२,४५,०००.०० | ६५,२५,८७९.५० | ० | ६५,२५,८७९.५० | १८,७९,४६६.९१ | ० | १८,७९,४६६.९१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | ३२,७०,०००.०० | २१,९७,२१९.०० | ० | २१,९७,२१९.०० | १६,५६,५०१.०० | ० | १६,५६,५०१.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती/ पूँजीगत खर्च | १८ | ३२,१६,९७,४९५.०० | १६,०५,८७,७९५.७१ | ० | १६,०५,८७,७९५.७१ | ११,८०,७०,५३६.३० | ० | ११,८०,७०,५३६.३० |
| घ. अन्य भूक्तानी | | ५५,२९,८३३.०० | ५७,९०,८११.०१ | | ५७,९०,८११.०१ | ३९,८२,८५,०३८.३२ | | ३९,८२,८५,०३८.३२ |
| कोषहरु | | ५५,२९,८३३.०० | ५३,६०,२३८.०० | ० | ५३,६०,२३८.०० | ० | ० | ० |
| धरौटी | | ० | ३२,१४,१५१.०० | ० | ३२,१४,१५१.०० | ८,७१,१४६.०० | ० | ८,७१,१४६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२७,८३,५७७.९९) | | (२७,८३,५७७.९९) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (६,४४,१७,९२६.१४) | | (६,४४,१७,९२६.१४) | १०,१८,०८,२९४.९२ | | १०,१८,०८,२९४.९२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १९,४८,०६,१७७.९४ | | १९,४८,०६,१७७.९४ | ९,२८,८५,४६७.०० | | ९,२८,८५,४६७.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १३,०३,८८,२५१.८० | | १३,०३,८८,२५१.८० | १९,४६,९३,७६१.९२ | | १९,४६,९३,७६१.९२ |
| बैंक तथा नगद बाकी | २४ | | १३,१३,८३,४५१.८० | | १३,१३,८३,४५१.८० | १९,६०,३५,४०३.६२ | | १९,६०,३५,४०३.६२ |
| | | | | | | | | |

### बेरूजु दफा २.४ सँग सम्बन्धित विवरण- अनुसूची-३

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १९,४८,०६,१७७.९४ | ४६,३२,१२,४३२.३७ | ५२,७६,३०,३५८.५१ | १३,०३,८८,२५१.८० |
| एकीकृत आर्थिक विवरणअनुसार | २१३००७२९०।९६ | ६६६५०८७१५।९९ | ७३८०४७११५।१५ | १४१४६८८९१।०६ |
| फरक | १८२०१११३।०२ | २०३२९६२८३।६२ | २१०४१६७५६।६४ | ११०८०६३९.२६ |

### बेरूजु दफा २.५ सँग सम्बन्धित विवरण- अनुसूची-४

| दायित्वको बिबरण | आषाढ मसान्तमा मौज्दात रहेको रकम |
|---|---|
| धरौटी | ११०४३१ |
| कर्मचारी सञ्चयकोष | १८७०९३ |
| नागरीक लगानीकोष | ३३००० |
| सावधिक विमा | १८४०० |
| अग्रिम आयकर | ५५३६०२ |
| परिश्रमिक कर | ८०९५४५ |
| सामाजिक सुरक्षा कर | ४७८४१९ |
| अन्य वाहाल कर | २६५३३८ |
| मुअकर | २६९७१० |
| घर वाहाल कर | २५१७५ |
| अन्य कट्टी | १७३९३ |
| जम्मा | २७६८१०६ |

बेरूजु दफा २.८ सँग सम्बन्धित विवरण- अनुसूची -५

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४१७८९९७।२७ | ३४०५२३३।०७ | |
| चालु खर्च खाता | २३८९९८३७।०९ | २८०११५२८।३६ | |
| पुँजीगत खर्च खाता | ९२५४१०७६।६२ | ८३४०३३९७।४८ | |
| विविध खर्च खाता | २६७०२ | | |
| विपद व्यवस्थापन खाता | १५८३६८ | | |
| स्थानीय विभाज्य कोष | | | |
| कर्मचारी कल्याण कोष खाता | १३००००० | १३००००० | |
| धरौटी | १५६६७०६०।५९ | १५६६७१६०।५९ | |
| ग१.१, आन्तरिक राजस्व खाता | २३८६६१४।८४ | ३०९०५३४।०९ | |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ३९१२३५।३९ | ३८१२३५।३९ | |
| प्रकोप ब्यबस्थापन कोष | १, ५८ , ३६८.०० | १५५८३६८ | |
| आन्तरीक अनुदान खाता | ० | ७१८४२५० | |
| स्वास्थ्य बिमा कोप | ५००००० | ५००००० | |
| विबिध कोष | ४१९००० | ४१९००० | |
| | १४१४६८८९१।०६ | १४४९२०७०६.९८ | ३४५१८१५।९२ |

बेरूजु दफा ४.४ सँग सम्बन्धित विवरण- अनुसूची -६

| क सं | वडा नं | आय शिर्षक | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी रु. |
|---|---|---|---|---|---|
| १ | १ | सिफरिस दस्तुर र मालपोत | ८६,८८३।०० | ७३,५५४।०० | १३,३२९।०० |
| ६ | ८ | सिफरिस दस्तुर र मालपोत | ९८,५५८।०० | ९६,४७३।०० | २,०८५।०० |
| | | जम्मा | १,८५,४४१।०० | १,७०,०२७।०० | १५,४१४।०० |

बेरूजु दफा ५.४ सँग सम्बन्धित विवरण- अनुसूची -७

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ९३ | १५ | ४८ | ३० |
| २. | वडास्तरीय | १२५ | ० | ४ | १२१ |

बेरूजु दफा ५.५ सँग सम्बन्धित विवरण- अनुसूची -८

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,३६,५०,०००.० | १,९०,७५,८५९.६८ | ५६.६९ |
| २ | पूर्वाधार विकास | २७,१५,८३,७९२.०० | १०,७०,२७,७७१.३८ | ३९.४ |
| ३ | सामाजिक विकास | २६,०७,६८,३३९.०० | २२,४९,०३,३०७.७१ | ८६.२५ |
| ४ | सुशासन र आन्तरसम्बन्धित क्षेत्र | २,४५,५५,०००.०० | २,१९,८१,५३५.४६ | ८९.५२ |

| | | | | |
|---|---|---|---|---|
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | २०,१७,६४,८४०.२५ | १४,८८,५१,०७३.२७ | ७३.७७ |
| जम्मा | | ७९,२३,२१,९७१.२५ | ५२,१८,३९,५४७.५० | ६५.८६ |

**बेरूजु दफा ६.२ सँग सम्बन्धित विवरण- अनुसूची-९**

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| सहायक कम्प्युटर अपरेटर | १ | ४२७७२६ |
| सव ईन्जिनियर | ३ | ३१२५७० |
| अमिन | १ | १६४५१० |
| असिण्टेन्ट सब ईन्जिनियर | ३ | ४९३५३० |
| जम्मा | ८ | १३९८३३६ |

**बेरूजु दफा ७.१ सँग सम्बन्धित विवरण- अनुसूची-१०**

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | नराखेको | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | १९ वटा मोटरसाईकल १स्कार्पियो | ४४९७३९७।५० | |
| | | | | |
| | | | ५५८५००० | |
| मेशिनरी तथा उपकरण (रु.१ लाखभन्दा बढी) | | ब्यकोहो लोडर १, | ४३५०००० | |
| | | ट्रिपर १ | | |
| | | | २४७७८७६ | |

| | | | | |
|---|---|---|---|---|
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | |
| | | नभएको | | |
| अतिक्रमणमा परेको जग्गा | | नभएको | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | |

**बेरूजु दफा ७.४ सँग सम्बन्धित विवरण - अनुसूची -११**

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | ब्याकोही लोडर | | | ४३६१७७ | १९०००० | | |
| २ | एम्वुलेन्स | | | | | | |
| ३ | ट्रिपर | | | ३४५००० | १८००० | | |

**बेरूजु दफा ११.१ सँग सम्बन्धित विवरण - अनुसूची -१२**

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | बिबरण | पेश्की रकम |
|---|---|---|---|
| ०७९/१२/१२ | समारिका कन्स्टक्सन | वडा न २ र ३ को भवन निर्माण | २०००००० |
| २०७९।०७।१७ | टाँटेस्वास्थ्य चौकी | यातायात र वार्षिक समिक्षा गोष्ठी | २१२४०० |
| २०७९।०७।१७ | देउलिसैन स्वस्थय चौक | यातायात र वार्षिक समिक्षा गोष्ठी | २१२४०० |
| २०७९।०७।१७ | ब्रहमतोला स्वास्थ्य चौकि | यातायात र वार्षिक समिक्षा गोष्ठी | २१२४०० |
| २०७९।०७।१७ | सामुदायिक स्वास्थ्य इकाइ सेलापाखा | आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | १००००० |
| २०७९।१२।१९ | सराप्ला नाउलेगडा लिफ्ट खानेपानी उ स | वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा | ७६२०२ |

| | | | |
|---|---|---|---|
| २०७९।१२।१९ | घुतघुते लिफ्ट सिचाइ निर्माण उपभोक्ता समिति | वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा | ३७३१९३ |
| २०७९।१२।१९ | बार्जुगाड तेश्रो लघु जल विघुत स्तरोन्नती तथा मर्मत समिति | वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा | १५८४३६ |
| २०७९।१२।१७ | गोबिन्द्र बहादुर थापा | समपुरक कोष | २५०००० |
| २०८०।०१।०८ | नेपाल एकिकृत विकास समाज | आवधिक योजना नगर कृषि रणनितिक योजना र मध्यकालीन खर्च संरचना | २९८६५९ |
| जम्मा | | | ३८९३६९० |

**बेरूजु दफा १२.१ सँग सम्बन्धित विवरण-अनुसूची-१३**

| वजेट खर्च शिषक | बजेट रकम | खर्च रकम |
|---|---|---|
| औषधीउपचार खर्च | ५०,०००.०० | ४९,८६५.०० |
| इन्धन (कार्यालय प्रयोजन) | १०,०००.०० | १०,०००.०० |
| मसलन्द तथा कार्यालय सामाग्री | ३,४०,०००.०० | ३,४०,०००.०० |
| सेवा र परामर्श खर्च | १,४०,००,०००.०० | ९५,२७,१८३.४७ |
| विविध खर्च | ५०,०००.०० | ५०,०००.०० |
| घरभाडा | २०,०००.०० | २०,०००.०० |
| जम्मा | १४,४७०,०००.०० | ९९,९७,०४८.४७ |

**बेरूजु दफा १२.२ सँग सम्बन्धित विवरण-अनुसूची-१४**

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | सम्झौता मिति | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | २ नं वडा कार्यालय भवन | BM/NCB/W/01/2079-080 | जि आर कन्स्ट्रक्सन बाजुरा | २०७९।०९।०३ | १७१७४१२५।३६ | ९७०७७४०।५३ | ४३.४७% |
| २ | ९ नं वडा कार्यालय भवन | 02/2079-080 | समारिका कन्स्ट्रक्सन बाजुरा | २०७९।०९।१७ | १७५०८४५२।०५ | ९५०९२६८।३९ | ४५.६९% |
| ३ | स्वास्थ्य डेल्टा सडक | 07/2079-080 | अशोक कन्स्ट्रक्सन बाजुरा | २०७९।१२।१५ | ७८६९११०।३३ | ४०७३३०६।५ | ४८.२४% |
| ४ | त्रिशक्ती छात्रावास भवन | 08/2079-080 | पुष्करअलि निर्माण सेवा डोटी | २०७९।१२।०५ | १४३८६००८।६५ | ८२४८०३६।४ | ४२.६७% |
| ५ | चौडिक माल्ता सडक | 09/2079-080 | समारिका कन्स्ट्रक्सन बाजुरा | २०८०।०१।०४ | २५३५७९८।२२ | २५०७५०१।९५ | १.१२% |
| ६ | सिप विकास केन्द्र | 11/2079-080 | न्यु बडालेक निर्माण सेवा बाजुरा | २०८०।०२।०२ | ९५९१११४।९० | ५२८४११४।४ | ४४.९१% |
| ७ | आधारभूत स्वास्थ्य केन्द्र वडा नं २ | 12/2079-080 | न्यु बडालेक निर्माण सेवा बाजुरा | २०८०।०२।०२ | ५३७९३८२।१६ | ४३०९०५७।४ | १९.९०% |

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| BM/NCB/W/13/077-078 | ४ नं वडा कार्यालय भवन | २०७७।१२।३१ | ६३७२३२८।७४ | २०७८।०७।१५ | ० | २०८०।०३।३१ | २६२.२२% |
| 15/077-078 | ६ नं वडा कार्यालय भवन | २०७७।१२।३१ | ५९१७८६४।१२ | २०७८।०७।१५ | ३५१०१८८।०३ | २०८०।०३।३१ | २६२.२२% |
| 16/077-078 | ७ नं वडा कार्यालय भवन | २०७७।१२।३१ | ६९२८८५९।१२ | २०७८।०७।१५ | ० | २०८०।०३।३० | २२२.२२% |
| 17/077-078 | ८ नं वडा कार्यालय भवन | २०७७।१२।२५ | ६५३६२१९।८३ | २०७८।०७।१५ | २७६६१०५।२९ | २०८०।०३।३१ | २६२.२२% |
| 18/077-078 | १० नं वडा कार्यालय भवन | २०७७।१२।२५ | ६४९८७२०।५० | २०७८।०७।१५ | २१२९९७२।७० | २०८०।०३।३१ | २६२.२२% |

**बेरूजु दफा १२.३ सँग सम्बन्धित विवरण-अनुसूची-१५**

**बेरूजु दफा १२.४ सँग सम्बन्धित विवरण-अनुसूची-१६**

| ठेक्का नम्बर | निर्माण व्यबसायी | बिबरण | पेश्की बाँकी रकम | पेश्की जमानत मान्य अबधि | कार्य सम्पादन जमानत रकम | कार्यसम्पादन जमानत मान्य अबधि | निर्माण कार्यको त्रुटी सच्चाउने अबधि |
|---|---|---|---|---|---|---|---|
| २।२०७७।७८ | स्काई/निशान/अधिकारी जे भि | १५ वेडको अस्पताल | १३०००००० | २०७९।५।२२ | - | - | |
| | जागृत/ एम के/नेपाल जे भि | प्रशासकिय भवन निर्माण | ४३२५००० | २०८०।३।३० | ४९२२००० | २०८०।६।२२ | २०८१।६।२२ |
| | समारिका कन्ट्रक्सन | वडा नं ९ भवन निर्माण | २०००००० | २०८० आषाढ मसान्त | - | - | |

### बेरूजु दफा १२.७ सँग सम्बन्धित विवरण- अनुसूची-१७

| निर्माण ब्यबसायि | कार्य | परिमाण घ मि | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| डिआर एस कन्ट्रक्सन | खेलकुद मैदानको माटो कटिङ | १५०० | ६० | ९०००० | |
| डिआर एस कन्ट्रक्सन | खेलकुद मैदानको माटो फिलिङ | ११०५ | ६० | ६६३०० | १८४२ घमि माटो कटिङको ६० प्रतिशत उललेख गरी परिमाण राखेको |

### बेरूजु दफा १२.९ सँग सम्बन्धित विवरण- अनुसूची-१८

| गो भौ नं | आपुर्ति कर्ता | बिबरण | रकम |
|---|---|---|---|
| १४६।२०८०।२।९ | के एन हार्डवेयर एण्ड सप्लायर | वडा नं ५ को लागी एच डि पी इ पाइप खरिद | १५०००० |
| १८९।२०८०।२।३२ | के एन हार्डवेयर एण्ड सप्लायर | वडा नं ८ को लागी एच डि पी इ पाइप खरिद | २११००० |
| २२९।२०८०।३।१९ | के एन हार्डवेयर एण्ड सप्लायर | एच डि पी इ पाइप खरिद | १९२००० |

### बेरूजु दफा १२.१० सँग सम्बन्धित विवरण- अनुसूची-१९

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| | खेलकुद मैदान निर्माण | डिआर एस कन्ट्रक्सन | ३९७३४३७ | ४५७१२१ | २०७९। पौष |
| | वापत डिआर एस कन्ट्रक्सन | | | | |
| | खेलकुद मैदान निर्माण | डिआर एस कन्ट्रक्सन | १०१७५७९ | ११७०६६ | २०७९। पौष |

| | | | | | |
|---|---|---|---|---|---|
| | वापत डिआर एस कन्ट्रक्सन | | | | |

**बेरूजु दफा १२.१५ सँग सम्बन्धित विवरण-अनुसूची-२०**

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| बृस्तृत आयोजना प्रतिबेदन वेतालमाण्डौ सडक | दिप्ती बिल्डर्स एण्ड कन्स्टकसन | १६३३४१५ | १४५१०६७ | ८२५०७१७११ |
| बृस्तृत आयोजना प्रतिबेदन फुटवल ग्राउण्ड | आवरण आर्किटेक्चर एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | १३९६२९१ | १३,६०,०००.०० | १४२४२९४८०।२० |
| बृस्तृत आयोजना प्रतिबेदन लिफ्ट ईरिगेशन एण्ड वाटर | इन्क कन्सुल्ट प्रा लि | १५०३३६३।१७ | १३६७००० | ११५७४७७४४।७९ |
| जम्माः | | | ४१७८०६७ | |

**बेरूजु दफा १३ सँग सम्बन्धित विवरण-अनुसूची-२१**

| पदाधिकारीको नाम | यातायात सुविधा (वार्षिक) | पदाधिकारी सवारी साधन |
|---|---|---|
| दल बहादुर साँउद | ३०,०००।०० | से1ब १३४२ |
| चक्र बहादुर थापा | ३०,०००।०० | से1ब १२३९ |
| मिन बहादुर सिंह | ३०,०००।०० | से1ब १२४६ |
| भुवन सिं के सी | ३०,०००।०० | से1ब १२४३ |
| हेमराज जैशी | ३०,०००।०० | से1ब १५८१ |
| रण बहादुर थापा | ३०,०००।०० | से1ब १२४७ |

| | | |
|---|---|---|
| जम्मा | १,८०,०००।०० | |

**बेरूजु दफा १४.३ सँग सम्बन्धित विवरण-अनुसूची-२२**

| विवरण | मापदण्ड अनुसार | वार्षिक खर्च | औषत दर | रु. मा |
|---|---|---|---|---|
| नगर प्रमुख सवारी साधन | डिजल १७० लि. | २०४० | १९० | ३८७६०० |
| १९मोटरसाईकल | १० लि. | २२८० | २२० | ५०१६०० |
| हुनुपर्ने खर्च रकम | | | | ८८९२०० |
| वित्तीय विवरणमा खर्च रकम | | | | १९७९७७५ |
| फरक | | | | १०९०५७५ |

**बेरूजु दफा १४.४ सँग सम्बन्धित विवरण-अनुसूची-२३**

| परामर्श सेवा शिर्षकबाट खर्चः | | |
|---|---|---|
| गो.भौ.नं।मिति | खर्च शिर्षकको नाम | रकम |
| १४।७९।०६।१२ | इन्धन खरिद | ४८७२४५।०० |
| १५।७९।०६।१२ | इन्धन खरिद | ३३०८००।०० |
| ३७।७९।०६।१२ | सरकारी पूजा कार्यक्रमका लागि सामाग्री खरिद | २६०४९९।०० |
| ४६।७९।०६।१३ | कार्यालय सामाग्री खरिद | ३६८६०६।०० |
| ५०।७९।०६।१३ | JCB मर्मत खर्च | २१२७९७।०० |
| ५१।७९।०६।१३ | विभिन्न ऐन नियम पुस्तक खरिद | ६५४४४८।०० |
| ५४।७९।०६।१३ | उग्रतारा टिउन हाउसबाट कार्यालय सामाग्री खरिद | ९४१९८१।०० |
| गोश्वरा भौचर नं ८४ ८५ ८६ ८७ बाट | विभिन्न कार्यालय सामाग्री खरिद | १९४५१४।०० |
| | जम्मा | ३४५०८९०।०० |

**बेरूजु दफा १४.५ सँग सम्बन्धित विवरण-अनुसूची-२४**

| गो भौ नं मिति | परामर्शदाता | कार्य | रकम |
|---|---|---|---|
| ७७३।२०८०।३।२० | इन्जिनियरिग वल्ड प्रा लि | यातायात गुरुयोजना | १२,१७,८५७ |
| ७७४।२०८०।३।२० | आकाक्षा टेनिग एण्ड रिसर्च सेन्टर प्रा लि | क्षमता विकास योजना तथा आन्तरीक नियन्त्रण प्रणालि | ९,९६,६६० |
| | जम्मा | | २२१४५१७ |

**बेरूजु दफा १४.८ सँग सम्बन्धित विवरण-अनुसूची-२५**

| मोटरसाईकल मर्मत | |
|---|---|
| मोटरसाईकल नम्बर | रकम रु |
| से१ब १३४२ | ९३५३०।०० |
| से१ब १२४३ | ११२०२८।२० |
| से१ब १२३९ | ७२०३७।५० |
| से१ब १३४० | ५७२९१।०० |
| से१ब १२४५ | ६६६१३।५० |
| से१ब १२४१ | ८२७२६।६० |
| से१ब १२४७ | १३१५८८।५० |

**बेरूजु दफा १४.१२ सँग सम्बन्धित विवरण-अनुसूची-२६**

| गो.भौ.नं।मिति | नाम | रकम रु |
|---|---|---|
| ३१।७९।०६।१३ | शंकर शाही | ३४४०।०० |
| ४३६।८०।०१।०६ | शंकर शाही | २७६०।०० |

| | | |
|---|---|---|
| ५१६।८०।०२।०२ | शंकर शाही | १४४०।०० |
| १३२।७९।०८।१६ | जय बहादुर थापा दिपक शाह दिपक थापा | २६६०।०० |

**बेरूजु दफा १५.५ सँग सम्बन्धित विवरण - अनुसूची -२७**

| क्र सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| १ | बुढीगंगा पालिका अन्तर्गत श्री बाक्षपारा आधारभुत विद्यालय | शिक्षक दरवन्दी नभएका विद्यालयलाई एकमुष्ठ अनुदान | १०००००० |
| २ | बुढीगंगा पालिका अन्तरगतका श्री धुरालसैनी, भगवति र सिंगडा, माध्यामिक विद्यालयका ४ जना शिक्षक | अंग्रेजी गणित र बिज्ञान मा वि (९-१०) विषय शिक्षण अनुदान | १५४७००० |
| ३ | श्री दुधर र कुडी आधारभुत विद्यालयका २ जना शिक्षक | अंग्रेजी गणित र बिज्ञान मा वि (६-८) विषय शिक्षण अनुदान | ९९९००० |
| ४ | पालिका अन्तर्गतका ३० सामुदायिक विद्यालय | निशुल्क पाठ्यपुस्तक अनुदान | ४५१०७२९ |
| ५ | पालिका अन्तर्गतका ३० सामुदायिक विद्यालय | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति | १५५६८०० |
| ६ | श्री भानोदय नमूना माध्यामिक विद्यालय | नमुना विद्यालय शैक्षिक व्यवस्थापन | ६८००००० |
| ७ | श्री पालिका अन्तरगत विभिन्न ४ विद्यालयमा अध्ययनरत ६४ जना विद्यार्थीहरु | विपन्न लक्षित छात्रवृति अनुदान | ७९८००० |
| ८ | बुढीगंगा पालिका अन्तर्गत ४२ विद्यालयहरुलाई | प्रति विद्यार्थप लागतका आधारमा सिकाई सामाग्री अनुदान | ३३०१००० |

| | | | |
|---|---|---|---|
| ९ | जनजागरण दलहन पकेट संचालक समितिलाई अनुदान | आ व २०७९।८० मा स्थापना भएको दलहन बाली पकेट विकास कार्यक्रमको निरन्तरता | १०६३११३ |
| | ब्रह्मतोला आलु पकेट संचालक समितिसंग | आ व २०७८।७९ मा नयाँ आलु बाली पकेट विकास कार्यक्रमको निरन्तरता | ६००००० |
| १० | जन कल्याण बहु उद्देश्य सहकारी संस्था लि (बहुक्षेत्रिय पोषण शिर्षक) | विपन्न समुदायका सुनौलो १००० दिनका घरपरिवारका लक्षित आय आर्जन कार्यक्रम २५ जनालाई १।१ वटा बाख्रा वितरण | ६२५००० |
| ११ | कन्सर्न बाजुरा अनाथालय (शसर्त शिक्षा) | अनाथ बालबालिकाहरुका लागि शैक्षिक बाताबरणीय केन्द्र | ५००००० |
| १२ | लघु उद्यम विकास कार्यक्रम | प्रविधि हस्तान्तरण २ जना कृषकलाई १।१ थान मिनि टिलर (हाते ट्याकटर) वितरण | १४०००० |